# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २६ गते २०२८ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

वायुयान अवतरण, विसान र गृह आश्रय (लेण्डिङ्ग, पार्किङ्ग तथा हार्उसिंग )दस्तूर नियवमाली २०२८

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम "वायुयान अवतरण, विसान र गृह आश्रय (लेण्डिङ्ग, पार्किङ्ग तथा हार्उसिंग) दस्तूर नियमावली २०२८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. अवतरण (लेण्डिङ्ग) दस्तूरः- (१) नेपाल अधिराज्यभित्र कुनै सरकारी वा गैर सरकारी हवाई अड्डामा वायुयान अवतरण गर्दा प्रत्येक अवतरणको लागि अनुसूची १ मा उल्लेख भए-बमोजिमको अवतरण दस्तूर लिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरामा देहायबमोजिम हुनेछ :–

(क) हवाई विभागको लिखित स्वीकृति भएमा परीक्षण अवतरण (टेष्ट लेण्डिङ्ग) गर्दा वा कूटनैतिक सुविधा प्राप्त वायुयानको अवतरण दस्तूर लिइने छैन ।

(ख) हेलिकप्टरको अवतरण दस्तूर अनुसूची १ मा उल्लिखित दस्तूरको पचास प्रतिशत हुनेछ ।

(३) अवतरण दस्तूर वायुयान अवतरण गरेकै दिन पुनः उडान (टेक-अफ) गर्नु-भन्दा अगावै सोही दिन लिइनेछ ।

३. विसान (पार्किङ्ग) दस्तूरः– (१) नेपाल अधिराज्यभित्र कुनै सरकारी वा गैर सरकारी हवाई अड्डामा वायुयान विसान गर्दा प्रत्येक विसानको हिसावले अनुसूची २ मा उल्लेख भए-बमोजिमको विसान दस्तूर लिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरामा देहायबमोजिम हुनेछ :–

(क) हवाई विभागको लिखित स्वीकृति भएमा कूटनैतिक सुविधा प्राप्त वायुयानको विसान दस्तूर लिइने छैन ।

(ख) हेलिकप्टरको विसान दस्तूर अनुसूची २ मा उल्लिखित दस्तूरको पचास प्रतिशत हुनेछ ।

(ग) कुनै वायुयानको जाँच वा निरीक्षणको लागि वा अन्य कुनै अवस्था पर्न गई सरकारी निगरानीमा राख्न आवश्यक ठहराई हवाई विभागले दिएको लिखित आदेशद्वारा विसान गरिएको वायुयानको विसान दस्तूर लिइने छैन ।

(घ) उपनियम (१) बमोजिमको विसान दस्तूर प्रथम आठ घण्टासम्मको विसानको लागि लिइने छैन ।

तर विसानको समय आठ घण्टाभन्दा बढी र चौविस घण्टाभन्दा घटी जतिसुकै भएपनि त्यसलाई पूरै चौविस घण्टाको एक पटक कायमगरी प्रत्येक विसानको हिसावले विसान दस्तूर लिइनेछ ।

(२) विसान दस्तूर वायुयानले विसानको लागि विमानस्थल प्रयोग गर्नासाथ सोही दिन लिइनेछ ।

४. गृह आश्रय (हाउसिंग) दस्तूरः– गृह आश्रयको सुविधा रहेको विमानस्थलमा वायुयानले हेंगर वा यस्तै अन्य प्रकारको आश्रयको चौविस घण्टा वा सोभन्दा घटी जतिसुकै समयको लागि आश्रय गर्दा एक पटक कायमगरी अनुसूची २ मा उल्लिखित दस्तूरको [illegible] गृह आश्रय दस्तूर लिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दस्तूर कायम गर्ने आधार:– यस नियमावलीको प्रयोजनको लागि वायुयानको अवतरण, विसान तथा गृह आश्रयको दस्तूरको सम्बन्धमा कुनै वायुयानको तौल कायम गर्दा त्यस्तो वायुयानको उडान उपयुक्तताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) मा उडान गर्न अनुमति प्राप्त अधिकतम तौल (म्याक्सीमम् पर्मिसिवल टेक-अफ वेट) को आधारमा कायम गरिनेछ ।

६. विवरण दाखिल गर्ने:– सरकारी वा गैर सरकारी हवाई अड्डामा अवतरण, विसान र गृह आश्रय गरेपछि सम्बन्धित हवाई अड्डाको प्रमुखले सम्बन्धित वायुयानको धनी वा चालक-समक्ष यस नियमावलीबमोजिम लाग्ने दस्तूरको विवरण दाखिल गर्नुपर्छ ।

७. दस्तूर असूल गर्ने:– यस नियमावलीबमोजिमको अवतरण, विसान र आश्रय दस्तूर सम्बन्धित हवाई अड्डा प्रमुखले असूल गर्नु गराउनु पर्नेछ र निजले यस सम्बन्धी विवरण हवाई विभागको लेखा शाखामा सातै पिच्छे पठाउनु पर्नेछ ।

८. उडानमा रोक:– यस नियमावलीबमोजिमको अवतरण, विसान र आश्रय दस्तूर नबुझाउने वायुयानलाई सम्बन्धित हवाई अड्डाको प्रमुखले उडानको लागि अनुमति नदिई रोक्न सक्नेछ यसरी उडान गर्न रोकिएको वायुयान सम्बन्धी सूचना निजले यथासम्भव छिटो साधनद्वारा हवाई विभागमा पठाउनु पर्नेछ ।

९. खारेजी र बचाउ:– (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि वायुयानको अवतरण, विसान र आश्रयको सम्बन्धमा जारी तथा लागू भएको सबै आदेश तथा परिपत्र खारेज गरिएका छन् ।

(२) यस नियमावलीमा लेखिएका जति कुरामा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८३९

## अनुसूची–१
(नियम २ संग सम्बन्धित)

### (क) अन्तरराष्ट्रिय उडानमा

| वायुयानको तौल | प्रत्येक अवतरणको दस्तूर (निकटतम हजार किलोका हिसाबले) |
|---|---|
| दश हजार किलो ग्रामसम्मलाई | पांच रूपैयाँ प्रति हजार किलोग्रामका दरले । |
| दश हजार किलोग्रामभन्दा माथि बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दश रूपैयाँ-का दरले । |
| बीसहजार किलोग्रामभन्दा माथि चालिस हजार किलोग्रामसम्म | पहिलो बीस हजार किलोग्रामको एकसय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको बीस रूपैयाँका दरले । |
| चालिस हजार किलोग्रामभन्दा माथि जतिसुकै तौल भए तापनि | पहिलो चालिस हजार किलोग्रामको पाँचसय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चालिस रूपैयाँका दरले । |

### (ख) आन्तरिक उडान

| वायुयानको तौल | प्रत्येक अवतरणको दस्तूर (निकटतम हजार किलोग्रामका हिसाबले) |
|---|---|
| दश हजार किलोग्रामसम्मलाई | चार रूपैयाँ प्रति हजार किलोग्रामका दरले । |
| दश हजार किलोग्रामभन्दा माथि बीस हजार किलोग्रामसम्म | पहिलो दशहजार किलोग्रामको चालिस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात रूपैयाँ-का दरले । |
| बीस हजार किलोग्रामभन्दा माथि जतिसुकै तौलको भए तापनि | पहिलो बीस हजार किलोग्रामलाई एकसय दश रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौध रूपैयाँका दरले । |

## अनुसूची–२
(नियम ३ संग सम्बन्धित)

| वायुयानको तौल | प्रत्येक उडानको दस्तूर (निकटतम हजार किलोग्रामको हिसाबले) |
|---|---|
| चालिस हजार किलोग्रामसम्मलाई | पाँच रूपैयाँ पचास पैसा प्रतिहजार किलोग्रामकादरले |
| चालिस हजार किलोग्रामभन्दा माथि एकलाख किलोग्रामसम्मलाई | पहिलो चालिस हजार किलोग्रामको दुईसय बीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलो-ग्रामको आठ रूपैयाँका दरले । |
| एक लाख किलोग्रामभन्दा माथि | पहिलो एक लाख किलोग्रामलाई सात सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एघार रूपैयाँका दरले । |

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।